आज मिति २०७६।७।२१ गते यस सरुमारानी गाउँपालिकाका अध्यक्ष श्री झग बहादुर विश्वकर्माको अध्यक्षतामा तपशिल वमोजिमको उपस्थितिमा गाउँ कार्यपालिकाको ५१ औ वैठक वसि तपसिल वमोजिमको निर्णयहरु गरियो ।

उपस्थितिः

| क.स. | नाम थर, पद | हस्ताक्षर |
|---|---|---|
| १ | श्री झग बहादुर विश्वकर्मा (अध्यक्ष) | |
| २ | श्री मिना कुमारी सोमै मगर (उपाध्यक्ष) | |
| ३ | श्री बसन्त बहादुर जि.सी. (वडा अध्यक्ष, २ नं. वडा) | |
| ४ | श्री चिन्त बहादुर सोमै मगर (वडा अध्यक्ष, ४ नं. वडा) | |
| ५ | श्री भिम बहादुर मर्सांगी मगर (वडा अध्यक्ष, ३ नं. वडा) | अनुपस्थित |
| ६ | श्री तुल बहादुर रोका मगर (वडा अध्यक्ष, ६ नं. वडा) | |
| ७ | श्री मुकुन्दराज शर्मा (वडा अध्यक्ष, १ नं. वडा) | |
| ८ | श्री सन्त बहादुर बराल मगर (वडा अध्यक्ष, ५ नं. वडा) | |
| ९ | श्री मोहम्मद हलिम हलुवाई (कार्यपालिका सदस्य) | अनुपस्थित |
| १० | श्री टंक प्रसाद सुनार (कार्यपालिका सदस्य) | अनुपस्थित |
| ११ | श्री सुशिला के.एम. (कार्यपालिका सदस्य) | |
| १२ | श्री चन्द्रिमा थापा मगर (कार्यपालिका सदस्य) | चन्द्रीमा |
| १३ | श्री जिवा सुनार (कार्यपालिका सदस्य) | जिवा सुनार |
| १४ | श्री खिमा सुवेदी (कार्यपालिका सदस्य) | खिमा |
| १५ | श्री सुवाश रिजाल (सचिव) | |

अन्य उपस्थितिः

| क.स. | नाम थर, पद | हस्ताक्षर |
|---|---|---|
| १ | श्री निर्मल पाण्डे स.[illegible] | |
| २ | श्री सावित्रा केसी. प्रशासकीय [illegible] | |
| ३ | श्री लिला राम पोखरेल सहायक [illegible] | |

Scanned with CamScanner

झग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बडडाँडा प्युठान
५ नं. प्रदेश, नेपाल
२०७३

**मिति २०७६।७।२८ मा बस्ने कार्यपालिका बैठकमा प्रस्तुत प्रस्तावहरू**

१) आर्थिक सहायता सम्बन्धमा

२) किसानसँग गाउँसरकार बजेट शिर्षकको उपशिर्षकहरूमा बजेट विनियोजन सम्बन्धमा

३) करारमा कार्यरत कर्मचारीहरूको म्याद थप तथा बजेट व्यवस्थापन सम्ब्रन्धमा

४) गर्मत संभार कोषबाट विनियोजन सम्वन्धमा

५) प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत योजना छनोट तथा सिफारीस सम्वन्धमा

६) स्वास्थ्य संस्था दर्ता अनुमती कार्यविधि, २०७६ तथा ल्याव सेवा संचालन कार्यविधि, २०७६ सम्बन्धमा

७) सामुदायिक वनसँग साझेदारी कार्यक्रम सम्बन्धमा

८) शिक्षा शाखा अन्तर्गत कर्मचारी व्यवस्थापन सम्बन्धमा

९) गाउँपालिकाको दररेट सम्बन्धमा

१०) विविध सम्बन्धमा

**मिति २०७६ कार्तिक २८ गते गाउँपालिकाका अध्यक्ष श्री झग बहादुर विश्वकर्माज्यूको अध्यक्षतामा बसेको कार्यपालिका बैठकमा प्रस्तुत प्रस्तावहरूमाथि छलफल गरी सर्वसहमती देहायबमोजिमका निर्णयहरू गरीयो ।**

**निर्णय नं. १:** देहायका संस्था र व्यक्तिलाई तपशिल बमोजिमको शिर्षकको निम्न वमोजिम आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

| क्र सं. | व्यक्ति, संस्थाको नाम र ठेगाना | रकम | रकम खर्च हुने शिर्षक |
|---|---|---|---|
| १ | वसिरन मिसा (सरूमारानी १) | २०००० | दिर्घ रोगी तथा विपन्न नागरीक उपचार सहयोग |
| २ | हमिदा निसा (सरूमारानी १) | १०००० | दिर्घ रोगी तथा विपन्न नागरीक उपचार सहयोग |
| ३ | प्रेम प्रसाद भुषाल (सरूमारानी २) | २०००० | दिर्घ रोगी तथा विपन्न नागरीक उपचार सहयोग |
| ४ | निर वहादुर गाईन (सरूमारानी १) | ५००० | विपन्न असहाय कोष सहायता |
| ५ | अप्सरा सुनार (सरूमारानी ५) | ५००० | विपन्न असहाय कोष सहायता |
| ६ | थमा देवी गुरूङ (सरूमारानी ३) | ५००० | विपन्न असहाय कोष सहायता |
| ७ | धन वहादुर कामी (सरूमारानी ५) | ५००० | विपन्न असहाय कोष सहायता |
| ८ | नासिरा खातुन (सरूमारानी १) | ५००० | विपन्न असहाय कोष सहायता |

झग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

| ९ | युवा हित मञ्च | ५००० | अन्य संस्था सहयोग |
|---|---|---|---|

**निर्णय नं. २ः** किसानसँग गाउँसरकार बजेट शिर्षक अन्तर्गत रहेको रकम देहायका उपशिर्षकहरूमा देहायबमोजिम बजेट विनियोजन गर्ने निर्णय गरीयो ।

- एक गाउँ एक प्राविधिकहरूको तलब भत्ताको लागि संघिय सरकारबाट आएको अपुग रकम व्यवस्थापनमा रू ७,५०,००० ( अक्षरूपी रूपैयाँ सात लाख पचासहजार मात्र )
- साविकको पशु सेवा केन्द्रमा कार्यरत कर्मचारी ग्रा. प. स्वा. कार्यकर्ता श्री वेलकुमारी वेलबासेको मिति २०७६ साउन देखि लागु हुने गरी म्याद थप गर्ने र निजलाई मासिक पारिश्रमिक रू १५ हजारको दरले र चाडपर्व तथा पोषाख भत्ता रू २५००० गरी जम्मा वार्षिक रू २,०५,००० ( अक्षरूपी रूपैयाँ एक लाख असी हजार मात्र )
- पशु विकास शाखामा सामाग्रीहरू तथा औषधि खरिदको लागि रू २,५०,००० ( अक्षरूपी रूपैयाँ दुई लाख पचास हजार मात्र )
- पकेट क्षेत्र पुरक अनुदान ( ५० हजार देखि २ लाख सम्म ) रू २८,००,००० -अक्षरूपी अठ्ठाइस लाख मात्र ।
- यन्त्र औजार पूरक अनुदान रू १५,००,००० - अक्षरूपी रूपैयाँ पन्ध्र लाख मात्र
- बाख्रापालन तालिम सक्रिय सहकारी मार्फत ३ वटा र शान्तिकुन्ज सहकारी मार्फत २ वटा को लागि रू १,००,००० - अक्षरूपी रूपैयाँ एक लाख मात्र )
- उत्पादन अनुदान सहकारी मार्फत बजारीकरण १०० के.जी १० वटा भन्दा बढी बाख्रा पाल्ने किसानलाई प्रति के.जी रू २५ कार्यक्रमको लागि रू ६,००,००० - अक्षरूपी रूपैयाँ छ लाख मात्र ।
- विपन्न वर्ग बाख्रा खोर सुधार ६० जना कृषकलाई रू २०,००० का दरले जम्मा रू १२,००,००० - अक्षरूपी रूपैयाँ बाह्र लाख मात्र )
- पूर्वाधार विकास कुलो, बाँध, मोटर, पाईप रू १८,००,००० - अक्षरूपी अठार लाख मात्र )
- पकेट क्षेत्र तालिम रू २,००,००० - अक्षरूपी दुई लाख रूपैयाँ मात्र )
- सहकारी सचेतना तालिम वडा नं. २ र ६ रू ७५,००० - अक्षरूपी रूपैयाँ ~~एक लाख मात्र~~ पचहत्तर हजार मात्र ।
- व्यवसायिक मौरिपालन तालिम रू ५०,००० - अक्षरूपी पचास हजार मात्र )
- बंगुर भ्याक्सीन सहयोग रू ५०,००० अक्षरूपी पचास हजार मात्र )
- २० जना कृषकलाई अदुवा विउ अनुदान १०,००० का दरले रू २,००,००० अक्षरूपी दुई लाख रूपैयाँ मात्र )
- अनुगमन तथा विविध रू १,००,००० अक्षरूपी एक लाख मात्र )
- उत्कृष्ट पकेट, समूह, कृषक पुरस्कार रू २०,००० अक्षरूपी रूपैयाँ विस हजार मात्र )
- कृषि प्राविधिक सहकारी म्याचिङ रू १,००,००० अक्षरूपी रूपैयाँ एक लाख मात्र )

भग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

खग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

**निर्णय नं. ३:** हाल सरुमारानी गाउँपालिका अन्तर्गत कार्यरत प्राविधिक तथा प्रशासनिक कर्मचारीहरूको करार सम्झौता कार्तिक मसान्त सम्म भएकोमा थप चार महिना फागुन मसान्त सम्म करार थप गर्ने र चालु प्रशासनिक बजेट अन्तर्गत अन्य सेवा शुल्क शिर्षकमा अपुग रकम पारिश्रमिक कर्मचारी शिर्षकबाट रू २०,००,००० (अक्षरूपी रुपैयाँ विस लाख मात्र ) रकमान्तर गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ४:** मर्मत संभार कोषबाट देहाय बमोजिमका योजनाहरूको लागि देहाय बमोजिम रकम विनियोजन गर्ने निर्णय गरीयो ।

- सरुमारानी गाउँपालिका वडा नं. २ दर्भान बजारमा प्रहरी विट निर्माणको लागि रू ६०,००० - अक्षरूपी साठी हजार मात्र ।
- बहुडाँडा बजार ऐरावती मोटरबाटो नाली मर्मतको लागि रू ९०,००० - अक्षरूपी नब्बे हजार मात्र ।
- सरुमारानी गाउँपालिका वडा नं. २ को ढाँड खानेपानी योजनाबाट थप ३ वटा धारा विस्तार तथा चव्ह मर्मतको लागि रू १५,००० -पन्ध्र हजार मात्र विनियोजन गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ५:** प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत वडाहरूबाट सिफारीस भई आएका देहायका योजनाहरू छनौट गर्ने निर्णय गरीयो ।

| क्र सं. | योजनाको नाम | विनियोजित बजेट | वडा नं. |
|---|---|---|---|
| १ | सिम्लेवारी जिसीटोल पक्की कुलो | ३००००० | १ |
| २ | झिलिवाङ - धाद्र लिफ्ट सिंचाई पक्की कुलो | १५०००० | १ |
| ३ | दर्भान वर्नविर मोटरबाटो स्तरउन्नती | २५,००,००० | २ |
| ४ | डुङडुंगे वाघेदमार गोरेटो बाटो निर्माण | विनियोजित नभएको | २ |
| ५ | ददेरी सिंचाई योजना | विनियोजित नभएको | २ |
| ६ | कोटघर मन्दिर निर्माण | ६०,००० | ३ |
| ७ | नेरा मावि/ सूर्योदय प्रावि ढाव फिल्ड निर्माण | २,५०,००० | ३ |
| ८ | ओढाले पक्की कुलो निर्माण | विनियोजित नभएको | ३ |
| ९ | पालुथान नौघार सडक नालि निर्माण | विनियोजित नभएको | ३ |
| १० | गद्दिदरवार टुडिखेल स्तरउन्नती | २,००,००० | ४ |
| ११ | तारिके जस्पुर छविसे मोटरबाटो ग्राविल | १,००,००० | ५ |
| १२ | श्रमरानी मावि पर्खाल निर्माण | २,००,००० | ६ |

**निर्णय नं. ६:** स्वास्थ्य ल्याबसेवा सञ्चालन कार्यविधि, २०७६ र स्वास्थ्य संस्था दर्ता, अनुमती तथा नविकरण सम्बन्धी कार्यविधि, २०७६ सर्वसहमतीबाट पारीत गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ७:** सामुदायिक वनसँग साझेदारी कार्यक्रम अन्तर्गत सबै सामुदायिक वनहरूसँग मंसिर मसान्त भित्रमा प्रस्ताव माग गर्ने निर्णय गरीयो ।

खग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

भग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

**निर्णय नं. ८:** हाल सरूमारानी गाउँपालिकामा शिक्षा शाखा अन्तर्गत कर्मचारी नभएको अवस्थामा शैक्षिक क्रियाकलाप तथा समग्र शैक्षिक व्यवस्थापनमा समस्या रहेको सन्दर्भमा लोक सेवा कार्यालयबाट नयाँ कर्मचारी नआउँदा सम्मको लागि मासिक सहायकस्तर पाँचौ तहको आधारभूत तलबस्केलमा नबढ्ने गरी दैनिक ज्यालादारी सेवामा एक जना कर्मचारी स्रोत व्यक्तिको रूपमा राख्ने निर्णय गरीयो ।

**निर्णय नं. ९:** गाउँपालिकाको दररेट निर्धारण समितिले पेश गरेको गाउँपालिकाको दररेट सर्वसहमतीमा पारीत गर्ने निर्णय गरीयो ।

**निर्णय नं. १०:** विविध विषयका सन्दर्भमा छलफल गरी देहायबमोजिमका निर्णयहरू गरीयो ।

- वडा नं. २ ढाँडस्थित भगवती मन्दिर व्यवस्थापनको लागि अन्य संस्था सहयोग शिर्षकबाट रू ५००० अनुदान दिने निर्णय गरीयो ।
- सरूमारानी गाउँपालिका वडा नं. ४ स्थित अस्थायी प्रहरी पोष्टलाई व्यवस्थापनको लागि अन्य संस्थालाई सहयोग शिर्षकबाट रू ८००० सहयोग गर्ने निर्णय गरीयो ।
- सरूमारानी गाउँपालिका वडा नं. १ मा रहेको गाउँपालिकाको भवन औलेनी स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वियन समितिलाई मिति २०७६ श्रावण महिनादेखि लागु हुने गरी मासिक रू ३००० भाडा लिने शर्तमा भाडामा दिने निर्णय गरीयो ।
- आर्थिक वर्ष २०७५।७६ को किसानसँग गाउँसरकार कार्यक्रम अन्तर्गत बर्षे फलफुलका बिरूवाहरू - आँप, लिचि, अनार आदि रौतहटबाट त्यस्तै कागतीका बिरूवाहरू सल्यान जिल्ला बागचौर नगरपालिका देखि लिएको तर ढुवानी भाडा भूक्तानी नभएकोले ढुवानी भाडा बापतको रकम रौतहटबाट ढुवानी गर्दा रू ३८ हजार र सल्यानबाट ढुवानी गर्दा रू १८ हजार चालु आ.व. को प्रशासनिक खर्च अन्तर्गत सवारी मेसीनरी भाडा शिर्षकबाट भूक्तानी दिनको लागि प्रशासनलाई निर्देशन दिने निर्णय गरीयो ।
- न्यायिक समितिमा विभिन्न मुद्धा, गुनासोहरू दर्ता भई फर्छौट गर्न बाँकी रहेको र कार्यालयमा कानुनी विषयमा जानकार कर्मचारीको अभावमा कामकारवाही गर्न कठीन भएकोले अर्को व्यवस्था नभए सम्मको लागि सहायकस्तर पाँचौ तहको आधारभुत तलब स्केल मासिक रूपमा नबढ्ने गरी एक जना कानुनी सल्लाहकार मिति २०७६ मंसीर देखि लागु हुने गरी दैनिक ज्यालादारी सेवामा नियुक्ति दिने निर्णय गरीयो
- सरूमारानी गाउँपालिका वडा नं. ४ को दानसिंह मान्द्रे खानेपानी योजना उपभोक्ता समितिलाई रू ३००००० -तिन लाख ) पेश्की रकम दिने निर्णय गरीयो ।
- सरूमारानी गाउँपालिकाले आ.व. २०७५।७६ (शैक्षिक शत्र २०७५) लाई शैक्षिक गुणस्तर सुधार वर्षको रूपमा घोषणा गरी सोही अनुसार शैक्षिक गुणस्तर सुधारको लागि पहल र प्रयत्न गरेको सन्दर्भमा शैक्षिक सत्रको अन्त्यमा गरिएको विधालयहरूको नतिजा विश्लेषणले करिब ४ प्रतिशत मात्र सिकाई उपलब्धि वृद्धि भएको देखाएकोमा शैक्षिक गुणस्तरमा उल्लेख्य सुधार गर्न थप के कस्ता प्रयास गर्न जरूरी छ भनी स्थलगतरूपमा विज्ञहरू खटाई प्रतिवेदन तयार गरी

भग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

खग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

सोही अनुसार गाउँपालिकाले शैक्षिक गुणस्तर सुधारको कदमहरू चाल्नको लागि देहायबमोजिभको ५ सदस्यीय परामर्श समिति गठन गर्ने निर्णय गरीयो ।

१) भक्त मर्साङ्गी संयोजक (अंग्रेजी विषय विषेशज्ञ)

२) खिम बहादुर राउत सदस्य -नेपाली विषय विषेशज्ञ(

३) मेघराज पौडेल सदस्य -विज्ञान विषय विषेशज्ञ)

४) लेम बहादुर गुरूङ्ग सदस्य - गणित विषय विषेशज्ञ

५) पूर्ण बहादुर के.सी (सामाजिक विषय विषेशज्ञ

- बजेट किताबमा सँस्कृती प्रवर्द्धन शिर्षक अन्तर्गत क्र.सं. ११ मा तमु ल्होसार मंच शौचालय शिर्षकलाई तमु ल्होसार मञ्च मर्मत बनाउने निर्णय गरीयो ।

खग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner